07 January 2025

National News

मुख्य समाचार

- पाँच फरवरीमा दिल्ली विधानसभाको चुनाउको निम्ति मतदान हुने
- डिजिटल व्यक्तिगत डेटा संरक्षण नियमको मस्यौदाले नागरिक केन्द्रित शासनप्रति भारतको प्रतिबद्धतालाई प्राथमिकता दिएको प्रधानमन्त्रीको भनाई
- भारतपोल पोर्टल र तीन नयाँ आपराधिक कानूनले विदेशमा भागेका अपराधीहरूलाई पक्राउ गर्न सजिलो हुने गृहमन्त्रीको भनाई
- नेपाल-तिब्बत सीमा क्षेत्रमा गएको भुइँचालोमा परी मर्नेहरूको संख्या 95 पुग्यो
- भारत र मलेसिया विभिन्न सुरक्षा क्षेत्रमा सहयोग बढाउन सहमत
- हकी इन्डिया लिगमा कलिङ्गा लानसर्स र बङ्गाल टाइगर्सको भिडन्त हुँदै

निर्वाचन आयोग - दिल्ली चुनाउ

दिल्ली विधानसभाको चुनाउको निम्ति मतदान आउँदो फरवरी महिनाको पाँच तारिक हुनेछ। आज निर्वाचन आयोगले दिल्ली विधानसभा चुनाउको मिति घोषणा गऱ्यो । 70 सदस्यीय दिल्ली विधानसभा चुनाउका लागि मतदान 5 फरवरीमा हुनेछ भने मतगणना 8 फेरवरीमा हुनेछ।

आज नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा मुख्य चुनाउ आयुक्त श्री राजीव कुमारले चुनाउ मिति सार्वजनिक गर्नुभयो।

उहाँले १ करोड, ५५ लाखभन्दा धेरै मतदाताका लागि १३ हजार ३३ भन्दा धेरै मतदान केन्द्र स्थापना गरिने बताउनु भयो। श्री राजीव कुमारले 10 जनवरीमा निर्वाचनको अधिसूचना जारी हुने बताउनु भयो। उम्मेदवारी दर्ता गर्ने अन्तिम मिति 17 जनवरी रहेको छ भने 20 जनवरीसम्ममा नाम फिर्ता लिन सकिनेछ ।

वर्तमान दिल्ली विधानसभाको कार्यकाल २३ फरवरीमा समाप्त हुँदैछ।

अर्कोतिर, सत्तारुढ आम आदमी पार्टीले सबै विधानसभा सिटका लागि उम्मेदवारहरूको नाम घोषणा गरिसकेको छ भने भारतीय जनता पार्टीले हालसम्म २९ जना उम्मेदवारको घोषणा गरिसकेको छ।

यसैबीच, भारतीय जनता पार्टीका अध्यक्ष श्री जगतप्रकाश नड्डाले निर्वाचन आयोगद्वारा दिल्ली विधानसभा चुनाउको मिति घोषणाको स्वागत गर्नुभएको छ। उहाँले दिल्लीका जनतालाई जीवनस्तरमा सुधार, भ्रष्टाचार नियन्त्रण, प्रदूषण नियन्त्रण गर्ने र दैनिक जीवन सहज बनाउन गुणस्तरीय सेवा प्रदान गर्ने सरकारलाई चुन्न आग्रह गर्नुभएको छ।

प्रधानमन्त्री - डाटा सुरक्षा

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, डिजिटल व्यक्तिगत डेटा संरक्षण नियम, 2025-को मस्यौदाले नागरिक केन्द्रित शासनप्रति भारतको प्रतिबद्धतालाई प्राथमिकता दिन्छ। सूचना प्रविधि मन्त्री श्री अश्विनी वैष्णवको पोस्टको उत्तर दिँदै, श्री मोदीले विकास र समावेशीतालाई बढावा दिँदै व्यक्तिगत डेटाको सुरक्षा गर्ने उद्देश्यले नियमहरू राखिएको बताउनुभयो। इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले डिजिटल पर्सनल डेटा प्रोटेक्शन रुल्सको मस्यौदा जारी गरेको छ । मन्त्रालयले MyGov प्लेटफर्म मार्फत आगामी महिनाको १८ तारिकसम्ममा जनता र सरोकारवालाहरूबाट मस्यौदा नियमहरूमा टिप्पणीहरूको आह्वान गरेको छ।

अमित शाह-भारतपोल

गृहमन्त्री श्री अमित शाहले भन्नुभएको छ, भारतपोल पोर्टल र तीन नयाँ आपराधिक कानूनले विदेशमा भागेका अपराधीहरूलाई पक्राउ गर्न बलियो माध्यमको रूपमा काम गर्नेछ। श्री शाहले आज नयाँ दिल्लीमा भारतपोल पोर्टलको शुभारम्भ गर्नुभयो। सो अवसरमा उहाँले १९५ देशको इन्टरपोल नेटवर्कसँग राज्यका अनुसन्धान निकाय र पुलिसलाई जोडेर अपराध नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो। श्री शाहले वर्षौंदेखि, भारतमा अपराध गरेर अन्य देशमा भागेका अपराधीहरू भारतीय कानुनको पहुचबाट भाग्दै आएको बताउनु भयो । उहाँले भारतपोलजस्ता आधुनिक प्रणाली लागु भएपछि अब यस्ता अपराधीलाई कानुनी कठघरामा ल्याउन सकिने बताउनु भयो। श्री शाहले भारतपोलका पाँच कोर मोड्युलहरू, कनेक्ट, इन्टरपोल नोटिस, सन्दर्भ, प्रसारण र स्रोतहरूले सबै कानून प्रवर्तन एजेन्सीहरूलाई सहयोग गर्न प्राविधिक मञ्च प्रदान गर्ने बताउनु भयो।

केन्द्र - भारतीय नागरिक रक्षा

केन्द्र सरकारले राज्य अनि केन्द्र शासित प्रदेशहरूलाई भारतीय नागरिक सुरक्षा संहिता, 2023 को धारा 479 का प्रावधानहरू लागू गर्न निर्देश दिएको छ। यस खण्डले जेलमा भीडभाडको समस्या कम गर्न विचाराधीन कैदीहरूको रिहाइको लागि आवेदनहरूमा कार्बाही गर्न निर्देशन दिन्छ। गृह मन्त्रालयले यस सम्बन्धमा सबै राज्य र केन्द्र शासित प्रदेशका मुख्य सचिवहरूलाई पत्र लेखेको छ।

GM

नेपाल-तिब्बत भूकम्प

नेपाल–तिब्बत सीमा क्षेत्रमा आज बिहान गएको भुइँचालोमा परी मर्नेहरूको संख्या 95 पुगेको छ। आज बिहान गएको ७ दशमलव १ रेक्टरस्केटको शक्तिशाली भूकम्पमा परी १३० जना घाइते भएको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएको छ । भूकम्पको केन्द्रविन्दु नेपालको सीमानजिकै तिब्बत स्वायत्त क्षेत्रको सिजाङमा १० किलोमिटर गहिराइमा रहेको थियो ।

धेरै जसो मृत्यु सिजाङ सहरमा भएको छ। यहाँ धेरै जना घाइते भएको र संरचनात्मक क्षति भएको बताइएको छ। भुइँचालोका कारण बिहार, पश्चिम बंगाल, सिक्किमलगायत उत्तर भारतका केही भागमा पनि कम्पन अनुभव गरिएको थियो।

पश्चिम बंगाल - मुख्यमन्त्री

पश्चिम बंगालकी मुख्यमन्त्री सुश्री ममता बेनर्जीले आज गंगासागरमा खानेपानी, सडक, आंगनवाडी, पुलहरू सम्बन्धी 153 करोड रुपियाँका विभिन्न कल्याणकारी योजनाहरूको उद्घाटनसाथै शिलान्यास गर्नुभयो। यस अवसरमा उहाँले ३० वटा कल्याणकारी योजनाबाट १९ लाख जनता लाभान्वित हुने बताउनु भयो । यसअघि, सुश्री बेनर्जीले गंगासागर मेलाको तयारीको पनि जानकारी लिनुभएको थियो।

गडकरी बैठक - सडक यातायात

केन्द्रीय सडक यातायात अनि राजमार्ग मन्त्री श्री नितिन गडकरीले आज नयाँ दिल्लीको भारत मण्डपममा राज्य र केन्द्र शासित प्रदेशका यातायात मन्त्रीहरूको बैठकको अध्यक्षता गर्नुभयो। श्री गडकरीले भन्नुभएको छ, यो वार्षिक कार्यक्रम केन्द्र र राज्य सरकारहरू बीच समन्वय बढाउन र महत्त्वपूर्ण नीतिगत मामिला र राष्ट्रिय प्रगतिका लागि समन्वयित रणनीतिहरू अगाडि बढाउने विषयमा  छलफल गर्ने महत्त्वपूर्ण मञ्च हो। क्षेत्रीय चुनौतिहरू विचार गर्न, उत्कृष्ट अभ्यासहरू साझा गर्न र रूपान्तरणकारी यातायात नीतिहरू समानुपातिक रूपमा कार्यान्वयन गर्न यस प्रकारको संवाद आवश्यक रहेको उहाँले बताउनु भयो।

भारत-मलेसिया वार्ता

भारत र मलेसिया आतंकवाद र कट्टरपन्थीको प्रतिरोध, साइबर सुरक्षा, रक्षा उद्योग र सामुद्रिक सुरक्षामा सहयोग बढाउन सहमत भएका छन्।

आज नयाँ दिल्लीमा भारत-मलेसिया सुरक्षा संवादको क्रममा, दुई देशहरूले महत्वपूर्ण खनिज र दुर्लभ मृदामा सहयोग बढाउने तरिकाहरूबारे छलफल गरे।

पहिलो भारत-मलेसिया सुरक्षा वार्ताको सह-अध्यक्षता राष्ट्रिय सुरक्षा सल्लाहकार श्री अजित डोभाल र मलेसियाका राष्ट्रिय सुरक्षा परिषद्का महानिर्देशक श्री राजा दातो नुशिरवान बिन जैनाल अबिदिनले गर्नुभएको थियो। वार्ताका क्रममा दुवै पक्षले वैश्विक र क्षेत्रीय सुरक्षाका बारेमा विचार आदानप्रदान गर्नुका साथै सुरक्षा, रक्षा र सामुद्रिक क्षेत्रमा जारी द्विपक्षीय सहयोगको पनि समीक्षा भएको विदेश मन्त्रालयले जनाएको छ ।

मलेसिया-ब्याडमिन्टन

ब्याडमिन्टनमा भारतकी ट्रीसा जोली र गायत्री गोपीचन्दको महिला डबल्स जोडीले थाइल्याण्डकी ओर्निचा जोङसाथपोर्न र सुकिता सुवाचाईलाई पराजित गर्दै मलेसियाको क्वालालम्पुर सुपर थाउजन टूर्नामेन्टको राउन्ड अफ सिक्टिङमा प्रवेश गरेका छन्।

## इन्डियन सुपर लिग

इन्डियन सुपर लिग फुटबलमा हिजो राति कोलकाताको साल्टलेकमा इस्ट बेङ्गाललाई मुम्बई सीटी एफसीले दुईका विरुद्ध तीन गोलले पराजित गऱ्यो।

प्रतियोगितामा, भोलि बेलुकी गोवा एफ सी र हैदराबादको भिडन्त गोवाको जवहारलाल नेहरू स्टेडियममा हुनेछ।

## हकी इन्डिया लिग

हकी इन्डिया लिगमा अहिले केही बेरमा राउलकेलाको बिरसा मुन्डा स्टेडियममा कलिङ्गा लानसर्स र रारह बङ्गाल टाइगर्सको भिडन्त शुरु हुनेछ। खेल अहिले 8 बजेर 15 मिनेटमा शुरु हुनेछ।

प्रतियोगितामा हिजो भएको खेलमा सुर्मा हकी क्लबले दिल्ली एसजी पाइपर्सलाई पराजित गरेको थियो।